# पोखरा विश्वविद्यालय सेवा आयोगको सूचना
## विज्ञापन नं.१/२०६९/०७० आन्तरिक प्रतियोगिता

पोखरा विश्वविदालयमा रिक्त रहेको निम्नलिखित पदहरुमा आन्तरिक प्रतियोगिताद्वारा वढुवा गरि स्थायी पदपूर्ति गर्नको निमित्त पोखरा विश्वविद्यालय र त्यस अन्तर्गतका विभिन्न कार्यालयमा वा निकायमा सम्वन्धित पदमा एक तह मुनी ५ (पाँच) वर्ष स्थायी सेवा पूरा गरेका योग्य उम्मेदवारहरुले मिति २०७० जेष्ठ २ गते दिनको ३.०० बजे भित्र पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय रातोपुल, सिफल, काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका-१२, ढुङ्गेपाटन, कास्कीमा आईपुग्ने गरि दरखास्त आव्हान गरिन्छ । दरखास्त पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय रातोपुल, सिफल काठमाण्डौ, पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका-१२ ढुङ्गेपाटन, कास्कीबाट रु २००/- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएको र रित नपुगेका फाराम उपर कुनै कारवाही हुनेछैन । आवेदन फारामका साथ लिखित **परीक्षा दस्तुर नविल बैक पोखराको चल्ती खाता नं. १२०१०१७५००८७० वा कामना विकास बैंक, लेखनाथ न.पा. मा रहेको चल्ती खाता नम्बर ००१००००१५६०A मा** रकम जम्मा गरेको सक्कल बैक भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

१. शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्कपत्रहरु ।       २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

३. हालसालै खिचिएको पासर्पोट साइजको फोटो २ प्रति ।    ४. अनुभव र तालिमको प्रमाणपत्र ।

५.पोखरा विश्वविद्यालय वा त्यस अन्तर्गतका निकायहरुमा काम गरेको सेवा अवधि खुलेको स्थायी नियुक्ती पत्रको प्रमाणित प्रतिलिपि

६. पोखरा विश्वविद्यालयको नियम अनुसार ५ (पाँच) वर्ष सथयी सेवा अवधी पुगेको भनि सम्वन्धित निकाय प्रमुखले गरेको सिफारिश सहितको पत्र ।

सम्पर्क स्थान र मितिः- पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय रातोपुल, सिफल काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका-१२, ढुङ्गेपाटन, कास्की र पोखरामा मिति २०७० जेष्ठ ९ गते

| क्र.स | पद | समुह | रिक्त संख्या | न्यनतम योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | उप-प्रशासक | प्रशासन | ३ (तीन) | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | १६००/- |
| २ | उप-प्रशासक | लेखा | २ (दुई) | मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्यशास्त्र बिषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | १६००/- |
| ३ | उप-प्रशासक | प्राविधिक सिभिल ईञ्जिनियर | १(एक) | मान्यता प्राप्त विश्वविद्यालयबाट सिभिल ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | १६००/- |
| ४ | उप-प्रशासक | प्रयोगशाला | १(एक | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह उर्त्तिण गरी फर्मास्युटिकल विज्ञान ल्यावमा काम गरेको । | १६००/- |
| ५. | सहायक प्रशासक | प्रशासन | १(एक) | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | १४००/- |